नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र,

सिंहदरबार, काठमाण्डौं ।

**प्रेश विज्ञप्ति**

मितिः २०७५।१०।२२

पत्रकार तथा संचारकर्मीज्यूहरु,

भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने र भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने उद्देश्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम वि.स. २०५९ साल श्रावण २७ गते स्थापित राष्ट्रिय सतर्कता केन्द्रको १६औं वार्षिक प्रतिवेदन (२०७४।०७५) सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष हस्तान्तरण गरिएको छ ।

यस केन्द्रले नेपाल सरकारको मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरु नियमित रुपमा भए/नभएको विषयमा सूचना संकलन गर्ने, नियमित रुपमा हुनु पर्ने कार्यहरु भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने, सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानुन बमोजिम दिएको सम्पत्ति विवरणको अभिलेख अनुगमन गर्ने, भ्रष्टाचार हुन सक्ने स्थान र काममा नियमित निगरानी राख्न छड्के जाँच र अन्वेषण गर्ने जस्ता कार्यहरु गर्दै आएको छ । साथै, सार्वजनिक निकायहरुलाई उजुरी पेटिका राख्न लगाउने, भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने, भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण संकलन गरी अद्यावधिक गराइ राख्ने, भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनुपर्ने नीति, रणनीति तथा तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने र नेपाल सरकारले तोकेका अन्य कार्य समेत यस केन्द्रमा सम्पादन गर्ने गरिएको छ ।

आर्थिक वर्ष २०७४।७५ मा ७२५ वटा उजुरीहरु प्राप्त भएको र आ.व. २०७३।७४ बाट जिम्मेवारी सरी आएका ५१४ गरी १२३९ उजुरी रहेकोमा ती मध्ये ९०३ वटा उजुरीहरु फछ्यौट गरिएको छ । जसमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएका १५८, सम्बन्धित निकायलाई सतर्क एवं ध्यानाकर्षण गराइएका, निर्देशन एवं सुझाव प्रदान गरिएका ४३ र अन्य तामेलीमा गएका ७०२ वटा उजुरीहरु रहेका छन् ।

भ्रष्टाचार हुन सक्ने स्थान निकायको विस्तृत अध्ययन गर्ने कार्य अन्तर्गत ४ वटा निकायको विस्तृत अध्ययन गरी प्राप्त प्रतिवेदनको सुझाव कार्यान्वयनका लागि सम्बद्ध निकायमा लेखि पठाइएको छ ।

यस अवधिमा निर्माण चरणमा रहेका राष्ट्रिय गौरवका १८ वटा र अन्य आयोजनातर्फ १८ वटा प्राविधिक परीक्षण कार्य सम्पन्न भएको छ । प्राविधिक परीक्षणका लागि अन्य निकायबाट अख्तियारी प्राप्त भएकोमा STRATEGIC ROAD NETWORK (SRN) तर्फ १४ वटा, सामुदायिक सिंचाईतर्फ ५ वटा, Community Managed Irrigated Agriculture Sector Project (CMIASP) तर्फ ६ वटा र STRENGTHENING NATIONAL RURAL TRANSPORT PROGRAM (SNRTP) तर्फ ३८ वटा प्राविधिक परीक्षण कार्य सम्पन्न भएको छ । SNRTP अन्तर्गत आ.व. २०७३।७४ मा प्राविधिक परीक्षण भएका ८ वटाको अन्तिम प्रतिवेदन समेत यस आ.व. २०७४।७५ मा प्राप्त भएको छ ।

प्राविधिक परीक्षणको क्रममा पाइएका अपरिपालना प्रतिवेदन (Non Conformance Reports) हरुलाई सरोकारवालाहरुकै उपस्थितिमा केन्द्रमा प्रस्तुतीकरण गराइ त्रुटी सच्याउन निर्देशन दिइएको छ ।

विकास आयोजनाको प्राविधिक परीक्षणका लागि दक्ष जनशक्ति तयार गर्न ३ हप्ते प्राविधिक परीक्षक तालिम २३ जनालाई प्रदान गरिएको छ ।

यस अवधिमा काभ्रेपलाञ्चोक, डडेल्धुरा, स्याङ्जा, तनहुँ, संखुवासभा, मोरङ, सर्लाही, गुल्मी, सल्यान, रामेछाप, अछाम, बाँके र सुर्खेत गरी १३ जिल्लामा भ्रष्टाचार नियन्त्रण हाम्रो साझा दायित्व विषयक जिल्लास्तरीय गोष्ठी सम्पन्न भएको छ । विभिन्न जिल्लाका २९ वटा सामुदायिक विद्यालयका २६८५ जना विद्यार्थीहरुलाई सदाचार सम्वन्धि शिक्षा प्रदान गरिएको छ ।

त्यसैगरी सरकारी कर्मचारीहरुले तोकिएको पोशाक नलगाई आउने गरेको भन्ने गुनासो आएको सन्दर्भमा सिंहदरबारका ४ वटा गेटमा कर्मचारीहरुको पोशाक अनुगमन गरिएको छ । ११०७ वटा सरकारी कार्यालयहरुमा नागरिक वडापत्र कार्यान्वयन अनुमगन गरी देखिएको कमजोरी सुधारका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ भने ११४० वटा सरकारी कार्यालयहरुमा कर्मचारीहरुले कार्यालय समयपालना गरे नगरेको एवं तोकिएको औपचारिक पोशाक लगाए नलगाएको अनुगमन गरी अनुशासन पालना नगर्ने २३७७ जना कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्वन्धित निकायमा लेखि पठाइएको छ ।

प्रचलित कानुन बमोजिम तोकिएको म्यादभित्र सम्पत्ति बिवरण नबुझाउने १९१३४ जना सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरुको बिवरण कारबाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको छ ।

राष्ट्रिय सतर्कता केन्द्रबाट आ.ब. २०७४।७५ को वार्षिक प्रतिवेदन मार्फत नेपाल सरकारलाई प्रदान गरिएका देहायका सुझावहरु कार्यान्वयन भएमा सुशासन कायम गरी सदाचार प्रवर्द्धन गर्ने अभियानमा योगदान पुग्ने अपेक्षा राखिएको छ ।

राष्ट्रिय सतर्कता केन्द्रको १६ औं वार्षिक प्रतिवेदन मार्फत भ्रष्टाचार नियन्त्रण सम्बन्धमा नेपाल सरकार समक्ष प्रस्तुत गरिएका सुझावहरुः

(क) नेपाल संयुक्त राष्ट्रसंघीय भ्रष्टाचार विरुद्धको महासन्धि (United Nation Convention Against Corruption) को पक्ष राष्ट्र भैसकेको परिपेक्ष्यमा उक्त महासन्धिमा व्यवस्था भए बमोजिम निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई कानूनी दायरामा ल्याउने व्यवस्था गर्नुपर्ने ।

(ख) शुरु नियुक्ति पाउने सार्वजनिक पदधारण गरेका पदाधिकारी र कर्मचारीले नियुक्ति पाएको मितिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नियुक्ति दिने निकायहरुले सम्बन्धित पदाधिकारी र कर्मचारीहरुलाई सम्पत्ति विवरण अनिवार्य रुपमा बुझाउन लगाउने व्यवस्था लागु गर्नुपर्ने ।

(ग) प्राविधिक परीक्षकहरुबाट योजनाहरुको प्राविधिक परीक्षण भैसकेपछि औंल्याइएका अपरिपालनाहरुलाई सच्याउन मन्त्रालय, विभाग, कार्यालय तथा आयोजनाहरु जिम्मेवार एवं जवाफदेही हुनु पर्ने ।

(घ) निर्माण कार्यको गुणस्तर कायम गर्न, तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउन र भ्रष्टाचार जन्य कियाकलापलाई नियन्त्रण गर्न ठेका मर्मत संभार अवधि (Defect Liability Period) (DLP) बढाइनु पर्ने ।

(ङ) सार्वजनिक निकायबाट ठेक्का लगाउँदा ठूला आयोजनाहरुमा तर्जुमा गरिने प्राविधिक मापदण्डमा आयोजना पिच्छे फरक फरक मापदण्ड बनाई सिमित ठेकेदारहरुलाई फाइदा पु-याएको भन्ने जनगुनासो आएको परिप्रेक्ष्यमा केन्द्रीयस्तरबाटै ठूला आयोजनाहरुको लागि प्राविधिक र आर्थिक मापदण्डहरु निर्धारण गरी लागू गरिएमा सिमित व्यक्तिहरुको चलखेललाई निरुत्साहित गर्न मद्दत पुग्ने देखिन्छ ।

(च) विकास आयोजनाको ठेक्कापट्टा गर्दा सोको अवधि वस्तुगत विश्लेषण गरी ठेक्का संम्झौताको म्याद तोवन र म्याद थप निर्णय समयमै र स्पष्ट औचित्यका आधारमा मात्र गर्ने व्यवस्था गर्नुपर्ने । पटक पटक म्याद थप गर्ने व्यवस्थामाथि पुनरावलोकन हुनु पर्ने ।

(छ) विकास आयोजनाहरुको तालुक निकायको अनुगमन तथा मुल्याङ्कन सम्बन्धी संयन्त्र एवं जिम्मेवारीलाई सक्रिय गराउने तथा आयोजनाहरुको प्रगतिसँग त्यस्ता संयन्त्रका पदाधिकारीको कार्य सम्पादनको तादम्यता मिलाउने व्यवस्था गर्नुपर्ने।

(ज) निर्माण व्यवसायीको वास्तविक क्षमता पहिचान गरी 'Work in hand' समेतको रेकर्ड एवं संयन्त्रमा अद्यावधिक राखि सोको आधारमा मात्र नयाँ कार्य लिन सक्ने गरी व्यवस्थापन गर्नुपर्ने ।

(झ) सार्वजनिक खरिद ऐनमा जुनसुकै वस्तु खरिद गर्दा प्रतिस्पर्धा गराई खरिद गर्ने व्यवस्थाको कारण एउटै वस्तुको विभिन्न कार्यालयमा फरक फरक मूल्य पेश भै खरिद हुने गरेको हुँदा यसबाट भ्रष्टाचार र अनियमिततामा प्रोत्साहन हुन पुगेको देखिँदा सम्भव भएसम्म गुणस्तरीय सामान प्राप्त हुने गरी उत्पादक कम्पनीसँग दररेट लिई सोको आधारमा खरिद गर्न सकिने व्यवस्था पनि हुनुपर्ने ।

(ञ) कार्यालयहरुमा दैनिक रुपमा प्रयोग हुने जिन्सी सामग्रीहरुको केन्द्रीयस्तरबाटै खरिद दररेट निर्धारण गरी सो दररेट भित्र सार्वजनिक निकायहरुले खरिद गर्न सक्ने व्यवस्था भएमा खरिद मूल्यमा एकरुपता आई कार्यालय सञ्चालनमा मितव्ययिता आउने हुँदा सोको व्यवस्था हुनुपर्ने ।

(ट) निर्माण व्यवसायीको आर्थिक तथा प्राविधिक क्षमता स्पष्ट खुल्ने गरी रोष्टर तयार गर्न कुनै निकायलाई जिम्मेवारी तोक्न र सार्वजनिक निकायहरुले गर्ने ठेक्कापट्टाहरुमा निर्माण व्यवसायीहरुको क्षमता मुल्याङ्कन गर्दा सो रोष्टरलाई समेत आधार लिने व्यवस्था कायम गर्न उपयुक्त हुने ।

(ठ) नेपाल सरकार मातहतका सरकारी तथा अर्धसरकारी निकायहरुले सार्वजनिक प्रयोजनका लागि जग्गा खरिद गर्दा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गर्नु पर्नेमा अन्य माध्यमबाट समेत जग्गा खरिद गरेको पाइएकोले जग्गा प्राप्ति ऐन, २०३४ लाई कडाइका साथ लागु गर्नु पर्ने ।

धन्यवाद ।

(विष्णुराज लामिछाने)
सह-सचिव (प्रवक्ता)
राष्ट्रिय सतर्कता केन्द्र,
सिंहदरबार, काठमाण्डौं ।